# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट पुष २, २०७५ साल संख्याः १**

**भाग – २**

**रिब्दीकोट गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम तालिम, गोष्ठी, अभिमुखीकरण, अन्तरकृया तथा कार्यशाला संचालन सम्बन्धी खर्चको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## वडा स्तरीय तालिम, गोष्ठी, अभिमुखीकरण, अन्तरकृया तथा कार्यशाला संचालन सम्बन्धी खर्चको कार्यविधि, २०७५

कार्यपालिकाबाट पारित मिति २०७५।०९।०२

### प्रस्तावना

सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी, बस्तुनिष्ठ वनाई कम खर्चमा बढी भन्दा बढी उपलब्धी हासिल गर्न र गाउँपालिकाको बजेट मार्फत विभिन्न इकाई, शाखा, उपशाखा र वडा तहहरुमा संचालन गरिने कार्यक्रमहरुमा एकरुपता कायम गर्ने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक १

क) संक्षिप्त नाम र परिभाषा :

यस कार्यविधिको नाम तालिम गोष्ठी, सेमिनार,अन्तरक्रिया, अभिमुखीकरण संचालन सम्बन्धी कर्यविधी २०७५, लागु हुनेछ।

ख) यो तुरुन्त प्रारम्भ हुने छ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "वडा कार्यालय" भन्नाले रिब्दीकोट गाउँपालिका अन्तर्गतका ८ वटै वडाहरुलाई जनाउँछ।

ख) "गाउँपालिका" भन्नाले रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालय, खस्यौली, पाल्पालाई जनाउँछ।

ग) "इकाई, शाखा, उपशाखा" भन्नाले रिब्दीकोट गाउँपालिका भित्र नेपाल सरकार वा प्रदेश सरकारवाट स्वीकृत संगठन संरचना वा गाउँकार्यपालिकाबाट स्वीकृत संगठन संरचना भित्रका विभिन्न शाखा, उपशाखा वा इकाई समेतलाई जनाउँछ।

घ) "सहजकर्ता/प्रशिक्षक/स्रोतव्यक्ति" भन्नाले तालिम, गोष्ठी, सेमिनार,कार्यशाला,अभिमुखिकरणमा विषयबस्तु प्रस्तुति, सहजिकरण गर्ने व्यक्तिलाई जनाउँछ। साथै निज गाउँपालिका भित्रको वा वाह्य रुपमा आमन्त्रण गरी ल्याएको बिज्ञ समेतलाई जनाउँछ।

ङ) नेपाल सरकार,प्रदेश सरकार वा अन्य निकायवाट तोकिए बमोजिम खर्च गर्ने भनी उल्लेख गरिएका कार्यक्रमको हकमा भने सोही बमोजिम नै हुनेछ।

## परिच्छेद २

३. खर्चको मानक (नर्म्स) देहाय अनुसार रहने छ।

१) तालिम/गोष्ठि/कार्यशाला/अभिमुखीकरण संचालन गर्दा देहाय बमोजिमका मानक (नर्म्स) प्रयोग गर्नु पर्ने छ।

## क) गाउँपालिकामा हुने वा गाउँपालिका मार्फत संचालन गरिने कार्यक्रम

| क.स. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | सहभागी भत्ता पारिश्रमिक | कार्यक्रमको औचित्य हेरी प्रति व्यक्ति प्रति दिन रु ५००।- |
| २ | सहभागी यातायात खर्च | औचित्य हेरी दुरीको आधारमा आतेजाते दिने गरी बढीमा रु ५००।- सम्म |
| ३ | सहभागी, सहजकर्ता, सहयोगी लगायतको खाजा खर्च | सहभागी संख्यामा र समूहमा ५ जना थप गरी वढीमा प्रति दिन प्रति व्यक्ति रु १५०।- का दरले |
| ४ | सहभागी स्टेशनरी | ३ दिन सम्मको कार्यक्रममा रु ५०।- का दरले, सो भन्दा बढी दिनको भएमा रु १००।- साथै |
| ५ | तालिम मसलन्द (ब्यानर, साइनपेन, मेटाकार्ड, बोर्डमार्कर, | |
| ६ | कार्यक्रम संयोजक/ | ३ दिन सम्मको कार्यक्रममा रु ५०।- का दरले, सो भन्दा बढी दिनको भएमा रु १००।- साथै |
| ७ | प्रशिक्षक/सहजकर्ता | गाउँपालिका भित्रको प्रशिक्षक भएमा प्रति सेसन रु५००।-जिल्ला भित्रको प्रशिक्षक ल्याई संचालन गर्नु पर्ने भएमा प्रति सेसन रु १०००।- र यातायात खर्च, जिल्ला बाहिरवाट प्रशिक्षक ल्याई संचालन गर्नु पर्ने भएमा प्रति सेसन रु१५००।, कार्यपत्रको बढीमा रु१०००। र दैनिक भ्रमण भत्ता नेपाल सरकारको नियम अनुसार उपलब्ध गराइने। तालिमको विषयवस्तु र औचित्यका आधारमा वढीमा ४ सेसन र प्रति सेसन कम्तीमा १ घण्टा ३० मिनेटको रहनेछ। साथै अन्य व्यवस्था गर्नु पर्ने भएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ। |
| ८ | सहयोगी | प्रति समूह १ जनाका दरले प्रति दिन रु २००।- का दरले |
| ९ | तालिम प्रतिवेदन | २ दिन सम्मको भएमा रु ५००।- र सो भन्दा बढी दिनको भएमा रु १०००।- |

ख) वडा कार्यालयमा हुने वा वडा कार्यालय मार्फत संचालन गरिने कार्यक्रम

| क.स. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | सहभागी भत्ता पारिश्रमिक | प्रति व्यक्ति प्रति दिन रु ३००।- |
| २ | सहभागी यातायात खर्च | |
| ३ | सहभागी, सहजकर्ता, सहयोगी लगायतको खाजा खर्च दरले | सहभागी संख्यामा ५ जना थप गरी प्रति दिन प्रति व्यक्ति रु १५०।- का |
| ४ | सहभागी स्टेशनरी | आवश्यकता र औचित्यमा आधारित न्यूनतम तालिम वा कार्यक्रम अवधिभर |
| ५ | तालिम मसलन्द(व्यानर, साइनपेन,मेटाकार्ड,वोर्डमार्कर, | आवश्यकता र औचित्यमा आधारित न्यूनतम तालिम वा कार्यक्रम अवधिभर |
| ६ | कार्यक्रम संयोजक/व्यवस्थापक | प्रति दिन प्रति रु ३००।- का दरले |
| ७ | प्रशिक्षक/सहजकर्ता | वडा भित्रको सहजकर्ता भएमा प्रति दिन ४ सेसन र प्रति सेसन रु ५००।- गाउँपालिका भित्र वा जिल्ला भित्रवाट ल्याई संचालन गर्नु पर्ने भएमा रु १०००।- र यातायात खर्च नियमानुसार, जिल्ला बाहिरवाट बिज्ञ ल्याई संचालन गर्नु पर्ने भएमा प्रति सेसन रु १५००।- र दैनिक भ्रमणभत्ता नेपाल सरकारको नियमानुसार उपलब्ध गराइने छ। प्रति सेसनको समय १ घण्टा ३० मिनेटको रहने छ। |
| ८ | सहयोगी | प्रति समूह १ जनाका दरले प्रति दिन रु २००।-का दरले |
| ९ | तालिम प्रतिवेदन | प्रति समूह रु ५००।- |

२. अन्तरक्रिया कार्यक्रम संचालन गर्दा

| क.स. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | सहभागी यातायात खर्च | दुरीको आधारमा वढीमा रु ५००।- सम्म |
| २ | खाजा खर्च | रु १००।- का दरले |
| ३ | कार्यपत्र प्रस्तुती | प्रति विषय रु १०००।- का दरले |

| | | |
|---|---|---|
| ४ | संयोजक ,व्यवस्थापक | रु १०००।-का दरले |
| ५ | सहयोगी | ५० जना सम्म भएमा १ जना र सो भन्दा बढी भएमा २ जनाका दरले रु २००।- |
| ६ | विविध खर्च | रु१५००।- ब्यानर, बोर्ड, मार्कर लगायत अन्य |

३.कार्यविधी,निर्देशिका लगायत अन्य

| क.स. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | प्रति कार्यविधी वा अन्य केही | आवश्यकता र औचित्यका आधारमा रु ५,०००।- देखि १०,०००।- सम्म |
| २ | खाजा खर्च | रु २०००।- |
| ३ | विविध खर्च | रु १५००।- |
| ४ | गाउँपालिका स्तरीय बैठक | प्रति सहभागी रु ७००।- ,खाजा खर्च रु १५०।का दरले |
| ५ | वडास्तरीय बैठक | प्रति सहभागी रु५००।-, खाजा खर्च रु १५०।- का दरले |
| ६ | एक दिने अनुगमन | गा.पा. स्तरीय सम्बन्धित व्यक्तिलाई मात्र प्रति सहभागी रु १०००।-खाजा खर्च रु १५०।- का दरले र वडास्तरीय रु ५००।-,खाजा खर्च रु १५०।- का दरले साथै विविध खर्च रु १०००।- र ५००।- मा नबढ्ने गरी |

- माथि उल्लेखित मानकमा जे सुकै उल्लेख गरिएता पनि स्टेशनरी बापत (डायरी र डटपेन) गाउँपालिकाबाटै आफ्नो पहिचान हुने गरी तयार गरेको खण्डमा उक्त रकम उपलब्ध नगराई स्वयं सामाग्री नै प्रयोग गर्नु पर्नेछ। उक्त मानकमा आधारित भई खर्च गर्दा नेपाल सरकारको नियम अनुसार करकट्टी गरी भुक्तानी हुनेछ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत